# सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
५नं. प्रदेश, नेपाल
मिति:२०७५।१०।०९

सूचना नं. ३१

दोस्रो पटक प्रकाशित मिति:२०७५।१०।०९

विषय: ठेक्कामा दिने बारेको ७ दिने सूचना।

यस गाउँ कार्यपालिकाको मिति २०७५।०९।१३ को निर्णयानुसार यस गाउँपालिका वडा नं. ५ स्थित कमलदहबाट कमलको जरा निकाल्ने कार्यलाई व्यवस्थित तथा नियमन गर्न ठेक्का प्रक्रियामा दिन मिति २०७५।०९।२२ मा यस कार्यालयबाट सूचना प्रकाशन गरिएकोमा तोकिएको अवधिभित्र कुनै पनि प्रस्ताव पेश नभएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

इच्छुक संघ, संस्था तथा व्यक्तिहरुले तपशिलका शर्तको अधीनमा रही शिलबन्दी प्रस्ताव तोकिएको मिति र समयमा यस कार्यालयमा दर्ता गराउन हुन अनुरोध छ।

| क्र.सं. | ठेक्काको नाम | न्युनतम ठेक्का कबोल अङ्क | शिलबन्दी प्रस्ताव खरिद दस्तुर | प्रस्ताव पेश गर्ने अन्तिम मिति | प्रस्ताव खोलिने मिति |
|---|---|---|---|---|---|
| १ | कमलको जरा संकलन | रु १,५०,०००।– (एक लाख पचास हजार रुपियाँ) | रु ५००।- | २०७५।१०।१५ कार्यालय समयभित्र | २०७५।१०।१६ दिउँसो २ बजे |

ठेक्काको शर्तहरु

१. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

२. आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्ट गरी लेखिएको हुनुपर्नेछ। यदी अंक र अक्षरको रकम फरक पर्न गएमा अक्षरको रकम मान्य हुनेछ। कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस गाउँपालिकाको नाममा रुकुमकोट रुकुम (पूर्व) शाखामा रहेको धरौटी खाता नं. १८९०३००००००००३०००००४ मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।

३. शिलबन्दी प्रस्ताव पेश गर्ने व्यक्तिले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्र र गाउँपालिकामा बुझाउनुपर्ने सबै प्रकारका कर चुक्ता गरेको प्रमाण (वडा कार्यालयबाट) वा संघ संस्थाले संस्था दर्ता सम्बन्धी कागजातहरु पेश गरी नगदी रसिद संलग्न राख्नुपर्नेछ।

४. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकि रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागी हुन पाउने छैन।

५. ठेक्का सम्बन्धी लाग्ने कर दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

६. ठेक्का स्वीकृति तथा सूचना संशोधनसम्बन्धी निर्णय गर्ने अधिकार गाउँपालिकामा नै निहित हुनेछ।

७.ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिनभित्रमा आफुले कबोल गरेको रकम एकमुष्ट बुझाउनुपर्नेछ।

८.कमलको जरा संकलन सम्बन्धी अन्य व्यवस्था ठेक्का सम्झौताबमोजिम हुनेछ।

२०७५।१०।०९

बिमला रोका श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत